# इनरुवा नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः १** **संख्याः २** **मितिः २०७७।११।२०**

**इनरुवा नगरपालिकाद्धारा प्रकाशित**

इनरुवा, माघ २८, २०७७ साल अतिरिक्ताङ्क .....


## भाग १

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम इनरुवा नगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत् २०७७ सालको ऐन नं. .....

## इनरुवा नगरपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७

इनरुवा नगरसभाबाट स्वीकृत मितिः २०७७।१०।२८
प्रमाणिकरण मिति २०७७।१०।२९

**प्रस्तावना :** सरकारी तथा अन्य सेवाबाट कर्मचारीहरु समायोजन भई इनरुवा नगरपालिकामा कामकाज गर्न खटिएपश्चात साविकको नगर सेवामा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत रहेका कर्मचारीहरुको समायोजन नभएको कारण इनरुवा नगरपालिकाको समग्र कार्य सम्पादनमा अपेक्षित प्रभावकारिता नदेखिएको, सम्बत् २०७४ साल देखि बिज्ञापन र बढुवा नहुँदा नगर सेवाका कर्मचारीहरुको बृत्ति विकास अवरुद्ध भएको अवस्थाका साथै कर्मचारी समायोजन ऐन, २०७५ का दफा ६ को उपदफा (४) समेतलाई आधार मानी नगर सेवामा कार्यरत रहेका र अन्य स्थानीय तहबाट सरुवा भई नगरपालिकामा पदस्थापन भएका कर्मचारीहरु समेतको समायोजन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम इनरुवा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "इनरुवा नगरपालिका कर्मचारी समायोजन ऐन, २०७७" रहेको छ ।

२. **परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) **"कर्मचारी"** भन्नाले तत्कालिन स्थानीय निकायको रुपमा रहेको इनरुवा नगरपालिकाको स्वीकृत दरबन्दीमा सेवा प्रवेश गरी यो ऐन जारी हुँदाको बखत स्थायी सेवामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले इनरुवा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन र नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिएका कुरालाई सम्झनु पर्छ ।

(घ) **"नगर सभा"** भन्नाले इनरुवा नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) **"नगर सेवा"** भन्नाले इनरुवा नगरपालिकामा रहेका कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ ।

(छ) **"नगरपालिका"** भन्नाले इनरुवा नगरपालिका सम्झनु पर्छ ।

(ज) **"स्थानीय कानून"** भन्नाल इनरुवा नगरपालिकाबाट जारी भएका कानूनलाई सम्झनु पर्छ ।

३. **नगर सेवाका कर्मचारी समायोजन गर्ने :** (१) साविकको स्थानीय निकायको रुपमा नगरपालिका,जि.स.स.तथा गाउपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरी यो ऐन प्रारम्भ हुदाँको बखत ९ (नौ) बर्ष सम्म स्तर बृद्धि नभएका यो ऐन जारी हुदाँका बखत नगरपालिकामा कार्यरत नगर सेवाका कर्मचारीहरुको समायोजन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम नगर सेवाका कर्मचारीहरुको समायोजन दहाय बमोजिम हुनेछ :

| क्र.सं. | साविकको तह | समायोजन पश्चात कायम हुने तह | पद नाम | कैफियत |
|---|---|---|---|---|
| १. | सहायकस्तर द्वितिय | सहायकस्तर तृतिय | कनिष्ठ सहायक | |
| २. | सहायकस्तर तृतिय | सहायकस्तर चौथो | सहायक | |
| ३. | सहायकस्तर चौथो | सहायकस्तर पांचौ | बरिष्ठ सहायक | |
| ४. | सहायकस्तर पांचौ | अधिकृतस्तर छैठौं | शाखा अधिकृत | |
| ५. | अधिकृतस्तर छैठौं | अधिकृतस्तर सातौं | शाखा अधिकृत | |

(३) उपदफा (२) बमोजिमको पदनाममा सम्बन्धित सेवा वा समुह जनाई पदनाम कायम हुनेछ ।

(४) सहायक स्तर पहिलो तहका विभिन्न पदमा कार्यरत कर्मचारीको हकमा हालको स्तरमा एक स्तर बृद्धी हुनेछ ।

(५) यस दफा बमोजिम नगर सेवाका कर्मचारी समायोजन गर्दा कायम हुने तलव निजले साविकमा खाइपाई आएको तलवभन्दा कम हुने भएमा ग्रेड थप गरी तलव मिलान गरिनेछ ।

(६) उपदफा (१) बमोजिम समायोजन स्वीकार गर्ने कर्मचारीहरुले समायोजनबाट कायम हुने तहका निम्ति तोकिएको तलवमान र सुविधाहरु प्राप्त गर्नेछन् । गणना हुने जेष्ठताको आधार लिई समायोजन हुनुपूर्व अवधिको तलव तथा भत्ताहरु दावी गर्न पाइने छैन ।

(७) यस दफा बमोजिम नगर सेवाका कर्मचारी समायोजन गर्दा कर्मचारीको हाल वहाल रहेको पदको न्यूनतम शैक्षिक योग्यता भएको हुनुपर्नेछ

८) यो ऐन पारित भए पस्च्यात कर्मचारीहरुको जेष्ठता,योग्याताहरुको छानबिन गरी सूचितयार गरी स्तरवृद्धीको पत्र दिन देहाय वमोजिमको समिति गठन गरीने छ ।

**क) प्रमुख प्रशासकिय अधिकृत वा निज ले तोकेको ७ औ तह सम्मको कर्मचारी संयोजक**

**ख) प्रमुख प्रशासकिय अधिकृत ले तोकेको अधिकृत स्तरको कर्मचारी सदस्य १ जना**

**ग) प्रशासन शाखा प्रमुख सदस्य सचिव**

(४) **समायोजनको पत्र दिने :** (१) यस ऐन बमोजिम समायोजन भएपश्चात नगर सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले समायोजन भएको पत्र दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम दिईने पत्र अनुसूची १ बमोजिमका हुनेछ ।

(५) **पदस्थापन गरिने :** यस ऐन बमोजिम समायोजन भएपश्चात नगरपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरबन्दी पुनरावलोकनले निर्धारण गरेबमोजिम मिल्दो सेवा समूहको पदमा प्रमुख प्रशासकिय अधिकृतबाट पदस्थापन गरिने छ ।

(६) **समायोजन भएका कर्मचारीहरुको सेवा सुविधा :** यस ऐन बमोजिम समायोजन भएका नगर सेवाका कर्मचारीहरुको तलव तथा अन्य सुविधा स्थानीय कानुनले तोकेबमोजिम हुनेछ ।

(७) **पुल दरबन्दी सम्बन्धी व्यवस्था :** दफा ३ बमोजिम समायोजन भएका नगर सेवाका कर्मचारीहरुलाई समायोजन पश्चात पदस्थापना गर्नु अघि स्वतः पुल दरबन्दीमा कायम

भएको मानिने छ । यसरी समायोजन भई पुल दरबन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्नुपूर्बको यथास्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

(८) **जेष्ठताको गणना :** (१) यस ऐन बमोजिम समायोजन हुने कर्मचारीहरुको जेष्ठता समायोजन हुनुपुर्वको तहमा काम गरेको अवधिलाई समायोजन भई कायम हुने पदका लागि गणना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम जेष्ठता गणना भएतापनि समायोजन पश्चातको पद बमोजिमका सेवा सुविधा भने यो ऐन जारी भए पश्चात मात्र लागु हुनेछ ।

(९) **आवश्यक ब्यवस्था मिलाउने :** या ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकल नहुने गरी आवश्यक ब्यवस्था मिलाउन सक्नेछ ।

१०) यो ऐन प्रारम्भ भई समायोजनको कार्य आ.व.०७७।७८ आषाढ महिना भित्रमा कार्य सम्पन्न गरी ऐन निस्प्रभाबित हुने छ ।

अनुसूची १
दफा ४ को उपदफा (२) सँग सम्बन्धित

# समायोजन पत्र

पत्र संख्या :
चलानी नं :                                                                 मिति : ..................

श्री ..............................
......................................

**बिषय : समायोजन गरिएको सम्बन्धमा ।**

कर्मचारी समायोजन ऐन, २०७५ र इनरुवा नगरपालिका कर्मचारी समायोजन ऐन, २०७७ बमोजिम .............................. देखि जेष्ठता गणना हुने गरी तपाईलाई इनरुवा नगरपालिकाको तपसिल बमोजिमको पद तथा तहमा समायोजन गरिएका छ ।

आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानूनको अधिनमा रही इमान्दारितापूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

समायोजन हुनु भएकोमा बधाई छ ।

| साविकको विवरण | समायोजन पछिको विवरण |
|---|---|
| पद :<br>तह :<br>सेवा :<br>समुह : | पद :<br>तह :<br>सेवा :<br>समुह : |

**बोधार्थ**
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, १ नं. प्रदेश, बिराटनगर
श्री प्रदेश लोकसेवा आयोग, बिराटनगर
श्री कर्मचारी संचय कोष, बिराटनगर
श्री आर्थिक प्रशासन शाखा, इनरुवा नगरपालिका ।

प्रमाणीकरण मिति : २०७७।१०।२९

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत

# इनरुवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## इनरुवा, सुनसरी
## १ नं. प्रदेश, नेपाल

प.स. २०७७/०७८

च.नं.　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　मिति: २०७　।　।

**विषय: स्तर वृद्धी गरिएको सम्वन्धमा ।**

श्री
इनरुवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इनरुवा,सुनसरी

प्रस्तुत बिषयमा यस नगरपालिकाको नवौ नगर सभावाट स्थानिय निकायवाट स्थानिय तहमा हस्तान्तरण भएका कर्मचारीहरुका लागि वनेको समायोजन ऐन २०७७ पारित भई कार्यन्वयनमा आएको हुंदा सोही ऐन वमोजिम तपाईको योग्यता तथा नोकरी अवधी पुगेकाले मिति　　　　　　गते देखी लागुहुने गरी स्तर वृद्धी गरिएको छ । तपाईलाई तोकिएको जिम्वेवारी कौशल्ता पुर्वक इमान्दारीका साथ सम्पादन गर्नुहुन जानकारी गराईन्छ ।

| साबिकको पद,सेवा ,सहमुह | हाल कायमा भएको पद,सेवा ,सहमुह |
|---|---|
| नाम :<br>सेवा :<br>समुह :<br>पद :<br>तह : | नाम :<br>सेवा :<br>समुह :<br>पद :<br>तह : |

प्रमुख प्रशासकिय अधिकृत

वोधार्थ
श्री प्रदेश मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय पूदेश न. १ बिराटनगर
श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्तालय (कर्मचारी प्रशासन माहाहाखा ) सिहंदरवार काठमाण्डौ
श्री कर्मचारी सन्चयकोष बिराटनगर
श्री जिल्ला समन्वय समितिको कार्यालय सुनसरी,इनरुवा
श्री कोष तथा लेखा नियन्त्रण कार्यालय,सुनसरी इनरुवा
श्री आर्थिक प्रशाशन शाखा इनरुवा नगरपालिका